# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ५, संख्याः ३२, चैत्र ७ गते, २०७८ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## वैदेशिक रोजगारबाट फर्किएका उद्यमशील युवाहरुलाई प्रदान गरिने अनुदान कार्यक्रम मापदण्ड (प्रथम संशोधन) २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।११।८

व्यास नगरपालिकाको वैदेशिक रोजगारबाट फर्किएका उद्यमशील युवाहरुलाई प्रदान गरिने स्वरोजगार कार्यक्रम अनुदान मापदण्ड २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. **मापदण्डको नाममा** "वैदेशिक रोजगारबाट फर्किएका उद्यमशील युवाहरुलाई प्रदान गरिने स्वरोजगार कार्यक्रम अनुदान मापदण्ड २०७८" **भन्नेको सट्ट** "वैदेशिक रोजगारबाट फर्किएका उद्यमशील युवाहरुलाई प्रदान गरिने अनुदान कार्यक्रम मापदण्ड २०७८" राखी संशोधन गरिएको छ ।

२. **दफा १ संक्षिप्त नाम र प्रारम्भः** "यस मापदण्डको नाम "वैदेशिक रोजगारबाट फर्किएका उद्यमशील युवाहरुलाई प्रदान गरिने स्वरोजगार कार्यक्रम अनुदान मापदण्ड, २०७८" रहेको छ" भन्नेको सट्टा "यस मापदण्डको नाम "(१) वैदेशिक रोजगारबाट फर्किएका उद्यमशील युवाहरुलाई प्रदान गरिने अनुदान कार्यक्रमको मापदण्ड, २०७८" रहेको छ" राखी संशोधन गरिएको छ ।

३. **दफा २** (क) "उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ" भन्नेको सट्टा "उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर **उपप्रमुख** सम्झनु पर्छ" राखी संशोधन गरिएको छ ।

४. **दफा ४** (ख) (२) "सामुहिक रुपमा मात्र नभई एकल रुपमा बाख्रा पालन भएमा १५ वटाभन्दा बढी बाख्रा वा बंगूर पालन भएमा, १० वटाभन्दा बढी गाई वा भैसी पालन र

कुखुरा, हाँस जस्ता पंछी पालन व्यवसाय सञ्चालन गरेको भए २०० भन्दा बढी पालन गरी व्यवसाय गर्दै आएका वा गर्ने कार्य योजना पेश गरेका रिर्टनी यूवाहरुहरु यो अनुदान नीति भित्र पर्दछन् । यसरी उल्लेखीत पशुपंक्षीहरुको गणना गर्दा माउ बनेका वा बन्न तयार भएकालाई सिफारिस समितिको निर्णय बमोजिम कायम हुनेछ" **भन्नेको सट्टा** "सामुहिक रुपमा मात्र नभई एकल रुपमा बाखा पालन भएमा १५ वटाभन्दा बढी बाखा वा बंगूर पालन भएमा, १० वटाभन्दा बढी गाई वा भैसी पालन **भएका न्यूनत्तम ५ वटा** र कुखुरा, हाँस जस्ता पंछी पालन व्यवसाय सञ्चालन गरेको भए २०० भन्दा बढी पालन गरी व्यवसाय गर्दै आएका वा गर्ने कार्य योजना पेश गरेका रिर्टनी यूवाहरुहरु यो अनुदान नीति भित्र पर्दछन् । यसरी उल्लेखीत पशुपंक्षीहरुको गणना गर्दा माउ बनेका वा बन्न तयार भएकालाई सिफारिस समितिको निर्णय बमोजिम कायम हुनेछ" राखी संशोधन गरिएको छ ।

५. **दफा ५ (ज)** "यस अनुदान प्राप्त गर्नका लागि वैदेशिक रोजगारबाट फर्केको १० वर्ष भन्दा बढी अवधिकोलाई यस कार्यक्रममा समावेश गरिने छैन । तर ३ वर्षभन्दा बढी समयदेखि निरन्तर व्यवसाय गर्दै आएको रहेछ भने व्यवसाय प्रवर्द्धनका लागि अनुदान दिन सकिने छ" **भन्नेको सट्टा** "यस अनुदान प्राप्त गर्नका लागि **सामान्यतः** वैदेशिक रोजगारबाट फर्केको १० वर्ष भन्दा बढी अवधि **नाघेको हुने छैन** तर ३ वर्षभन्दा बढी समयदेखि निरन्तर व्यवसाय गर्दै आएको रहेछ भने **१० वर्ष अवधि नाघेको भएपनि** व्यवसाय प्रवर्द्धनका लागि अनुदान दिन सकिने छ" राखी संशोधन गरिएको छ ।

६. **दफा ७ (क)** "नगरपालिकाको सम्बन्धित शाखाले आवश्यक कागज पत्रको अध्ययन गरी शाखाको राय सहित वैदेशिक रोजगारबाट फर्केका यूवाहरुलाई अनुदान प्रदान गर्ने सिफारिस समिति समक्ष पेश गरी समितिले प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरिने छ र प्रमुख प्रशासकीय अधिकृतले नगर कार्यपालिका समक्ष अन्तिम सिफारिस सहितको राय पेश भए पश्चात् कार्यपालिका वोर्डको निर्णयबाट अनुदान प्राप्त गर्न मान्य हुनेछ" **भन्नेको सट्टा** "नगरपालिकाको **कृषि, पशु तथा सहकारी विकास** शाखाले आवश्यक कागज पत्रको अध्ययन गरी शाखाको राय सहित वैदेशिक रोजगारबाट फर्केका यूवाहरुलाई अनुदान प्रदान गर्ने सिफारिस समिति समक्ष पेश गरिने छ" राखी संशोधन गरिएको छ ।

७. **दफा ७ (ग)** "यस अनुदान कार्यक्रममा सहभागी हुनका लागि २५ वर्ष पूरा भई ५० वर्ष ननाघेको हुनु पर्नेछ" भन्नेको सट्टा "यस अनुदान कार्यक्रममा सहभागी हुनका लागि २५ वर्ष पूरा भई **५५** वर्ष ननाघेको हुनु पर्नेछ" राखी संशोधन गरिएको छ ।

८. **दफा ८ "**(ङ) नगरपालिका क्षेत्रका वैदेशिक रोजगारबाट फर्केका यूवाहरुलाई प्रदान गरिने यूवा लक्षित स्वरोजगार कार्यक्रमको अनुदान नीति एवं मापदण्ड २०७८ नगर कार्यपालिकाको निर्णयबाट स्वीकृत गरिने छ ।" **हटाइएको छ ।**

९. **दफा ९ (१) (घ१)** थप आन्तरिक लेखा परीक्षण शाखा प्रमुख -सदस्य

१०. **दफा ९ (१) (च)** कृषि तथा पशु विकास शाखा प्रमुख -सदस्य" को भन्नेको सट्टा "वित्त व्यवस्थापन शाखा प्रमुख -सदस्य" राखी संशोधन गरिएको छ ।

११. **दफा ९ (१) (छ)** "महिला बालबालिका तथा समाजकल्याण उपशाखा प्रमुख -सदस्य" हटाइएको छ ।

१२. **दफा ९ (१) (ज)** सामी कार्यक्रम सम्पर्क व्यक्ति -सदस्य सचिव" भन्नेको सट्टा "कृषि, पशु तथा सहकारी विकास शाखा प्रमुख -सदस्य सचिव" राखी संशोधन गरिएको छ ।

१३. **दफा ९** (३) "सिफारिस समितिबाट छनौट भएका अनुदान प्राप्त गर्ने व्यक्ति वा संस्थाको अनुमोदनका लागि कार्यपालिका बैठक समक्ष पेश गरिने छ" भन्ने थप गरिएको छ ।

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत